Kageshwori Manohara Journal ISSN:3149-7446
Volume 1, Issue 1, 2026

कागेश्वरी मनोहराको स्वास्थ्य सूचना सम्प्रेषणमा महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका

पदमराज जोशी
उपप्राध्यापक, कोटेश्वर बहुमुखी क्याम्पस
pyarjoshiji@gmail.com

लेखसार

प्रस्तुत अध्ययन कागेश्वरी मनोहरा नगरपालिकामा महिला स्वास्थ्य स्वयंसेविकाहरूले स्वास्थ्य सूचना सम्प्रेषणमा खेल्ने भूमिकाको विमर्शमा केन्द्रित छ । कागेश्वरी मनोहरा नगरपालिकाका ९ वटै वडामा रहेका ११८ जना स्वयंसेविकाहरूले गर्भवती तथा सुत्केरी महिलाको निगरानी, खोप कार्यक्रम, परिवार नियोजन, पोषण, सरसफाइ तथा रोगको रोकथामसम्बन्धी जनचेतना फैलाउने काम गर्दै आएका छन् । ग्रामीण विकट वडाहरूमा साक्षरता दर पनि न्यून रहेको र स्वास्थ्य संस्था टाढा भएकाले उनीहरू स्वास्थ्य सूचना एवं प्राथमिक उपचारको मुख्य स्रोत बनेका छन् । विशेष गरी स्वास्थ्य सेवाको पहुँच कम भएका वडा नम्बर १, २ र ३ का स्थानीयवासीमध्ये ६० प्रतिशतले स्वास्थ्यसम्बन्धी जानकारी महिला स्वास्थ्य स्वयंसेविकाबाट नै प्राप्त गर्ने गरेको र महिला स्वास्थ्य स्वयंसेविकाहरूको भूमिका प्रभावकारी रहेको अध्ययनले देखाएको छ । स्वयंसेविकाहरू घरदैलोमै पुगेर सूचना दिने, स्वास्थ्य आमा समूहमार्फत सचेतना फैलाउने र वडामा रहेका स्वास्थ्य संस्थालाई समुदायसँग जोड्ने पुलको रूपमा काम गरेका छन् । महिला स्वास्थ्य स्वयंसेविकाहरूले स्वास्थ्य सचेतना जगाउने र प्राथमिक उपचार समेतमा महत्त्वपूर्ण योगदान गरिरहेको भए पनि उनीहरूलाई उचित सम्मान, प्रोत्साहन र संरचनागत सहयोग अझै अपुग रहेको देखिएको छ । त्यसैले उनीहरूको भूमिकालाई अझ सुदृढ र सम्मानित बनाउन स्थानीय सरकारको ध्यान जानुपर्ने आवश्यक छ । महिला स्वास्थ्य स्वयं सेविकाहरूले पनि आफ्नो सेवा अझै प्रभावकारी बनाउनु पर्ने अध्ययनले देखाएको छ ।

शब्दकुञ्जी : प्राथमिक उपचार, सूचना सम्प्रेषण, स्वास्थ्य अभियान, स्वास्थ्य आमा समूह

विषयपरिचय

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (मस्वास्व) समुदायस्तरमा स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा तथा जनचेतना अभिवृद्धिका लागि स्वेच्छिक रूपमा कार्य गर्ने महिला स्वास्थ्यकर्मी हुन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरेको मापदण्डअनुसार स्थानीय स्वास्थ्य आमा समूहबाट छनोट भई तालिम प्राप्त गरेका महिलाहरूले समुदायमा स्वास्थ्यसम्बन्धी सूचना प्रवाह गर्ने, स्वास्थ्य सेवामा पहुँच बढाउने तथा विभिन्न स्वास्थ्य कार्यक्रम

सफल बनाउन सहयोग गर्ने गर्दछन् । नेपालमा यो कार्यक्रम वि.सं. २०४५ सालदेखि सञ्चालनमा आएको हो र हाल देशभरका सबै जिल्लामा हजारौँ महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत छन् । उनीहरूले गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य निगरानी, सुरक्षित मातृत्वसम्बन्धी परामर्श, खोप कार्यक्रमको प्रवर्द्धन, परिवार नियोजनका साधन वितरण, पोषण तथा सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि, विभिन्न रोगको रोकथाम तथा मानसिक स्वास्थ्यसम्बन्धी जानकारी प्रवाह गर्ने कार्य गर्दै आएका छन् । साथै उनीहरूले स्थानीय स्वास्थ्य संस्था र समुदायबिच सेतुका रूपमा काम गर्दै नागरिकलाई स्वास्थ्य सेवासम्म पहुँच पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । पछिल्ला वर्षहरूमा सूचना प्रविधिको तीव्र विकाससँगै स्वास्थ्यसम्बन्धी जानकारीका विभिन्न स्रोतहरू बढेका भए पनि सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट भ्रामक र अपुष्ट सूचना फैलिने समस्या पनि देखिएको छ । यस्तो अवस्थामा समुदायका नागरिकलाई सही, भरपर्दो र आवश्यक स्वास्थ्य सूचना उपलब्ध गराउने काममा महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका अझ महत्त्वपूर्ण बनेको छ । विशेषगरी ग्रामीण क्षेत्रमा उनीहरू स्वास्थ्य सूचनाका प्रमुख संवाहकका रूपमा स्थापित भएका छन् । स्थानीय तहमा सञ्चालन हुने स्वास्थ्य तथा सरसफाइ अभियानलाई प्रभावकारी बनाउन, स्वास्थ्यसम्बन्धी व्यवहार परिवर्तन गर्न तथा स्वास्थ्य सेवाप्रति समुदायको विश्वास अभिवृद्धि गर्न उनीहरूको योगदान उल्लेखनीय रहेको छ । यस अध्ययनको क्षेत्र स्थानीय तहमा स्वास्थ्य सूचना सम्प्रेषणसँग सम्बन्धित छ । स्वास्थ्य सूचना सम्प्रेषणमा महिला स्वास्थ्य स्वयंसेविकाले निर्वाह गरिरहेको भूमिका, योगदान तथा प्रभावकारिता के कस्तो छ भन्ने मूल समस्यालाई केन्द्रमा राखी यो अध्ययन गरिएको छ । अध्ययनको मुख्य उद्देश्य स्वास्थ्य सूचना सम्प्रेषणमा महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका पहिचान गर्नु तथा समुदायमा स्वास्थ्य चेतना अभिवृद्धिमा उनीहरूको योगदानको विश्लेषण गर्नु हो ।

महिला स्वास्थ्य स्वयंसेविकासम्बन्धी विगतमा भएका विभिन्न अध्ययन, सरकारी प्रतिवेदन, नीति दस्तावेज तथा प्रकाशनहरूले मातृ तथा शिशु स्वास्थ्य सुधार, खोप कार्यक्रमको विस्तार, परिवार नियोजन सेवाको प्रवर्द्धन, पोषण तथा सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धिमा उनीहरूको महत्त्वपूर्ण योगदान रहेको देखाएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, परिवार कल्याण महाशाखा तथा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रका विभिन्न प्रकाशनहरूमा महिला स्वास्थ्य स्वयंसेविकालाई समुदायमा स्वास्थ्य सन्देश प्रवाह गर्ने प्रभावकारी माध्यमका रूपमा चित्रण गरिएको छ । त्यस्तै विभिन्न अनुसन्धानहरूले समुदाय र स्वास्थ्य संस्थाका बिचको सम्बन्ध सुदृढ बनाउन, स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न तथा स्थानीय स्वास्थ्य कार्यक्रमहरू सफल बनाउन महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका प्रभावकारी रहेको निष्कर्ष निकालेका छन् । यी अध्ययनहरूको समग्र समीक्षा गर्दा महिला स्वास्थ्य स्वयंसेविकाको योगदानलाई मुख्य रूपमा मातृ स्वास्थ्य, बाल स्वास्थ्य, परिवार नियोजन तथा सामुदायिक स्वास्थ्य सेवाको दृष्टिकोणबाट विश्लेषण गरिएको पाइन्छ तर स्वास्थ्य सूचना सम्प्रेषणको सन्दर्भमा उनीहरूले निर्वाह गरिरहेको विशिष्ट भूमिका, सूचना प्रवाहका प्रक्रिया, समुदायमा स्वास्थ्य सन्देशको प्रभाव तथा स्थानीय तहमा सूचना सम्प्रेषणको प्रभावकारिताका दृष्टिले केन्द्रित अध्ययन अपेक्षाकृत कम भएको देखिन्छ । यही अनुसन्धान अन्तर (Research Gap) लाई सम्बोधन गर्न प्रस्तुत अध्ययन गरिएको हो । स्वास्थ्य सूचना सम्प्रेषणमा महिला स्वास्थ्य स्वयंसेविकाको वास्तविक भूमिका, योगदान र चुनौतीहरू पहिचान गर्नु यस अध्ययनको मुख्य औचित्य हो । अध्ययन निश्चित भौगोलिक क्षेत्र, सीमित समय र सीमित उत्तरदातामा आधारित भएकाले यसका निष्कर्षहरू सम्पूर्ण देशमा समान रूपमा लागु नहुन सक्ने सीमा रहेको छ । तथापि, अध्ययनबाट प्राप्त निष्कर्षहरूले स्वास्थ्य

सूचना सम्प्रेषणप्रणालीलाई थप प्रभावकारी बनाउन, महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई सुदृढ गर्न, स्थानीय तथा राष्ट्रिय स्वास्थ्य नीति निर्माणमा सहयोग पुऱ्याउन तथा यस विषयमा भविष्यमा गरिने अनुसन्धानका लागि आधार सामग्री उपलब्ध गराउन महत्त्वपूर्ण योगदान रहने अपेक्षा गरिएको छ।

अध्ययनको विधि

प्रस्तुत अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक अनुसन्धान ढाँचामा आधारित छ। अध्ययनका लागि प्राथमिक तथा द्वितीयक दुवै प्रकारका तथ्याङ्कको उपयोग गरिएको छ। प्राथमिक तथ्याङ्क सङ्कलनका लागि कागेश्वरी मनोहरा नगरपालिकाका वडा नं. १, २ र ३ लाई अध्ययनक्षेत्रका रूपमा छनोट गरिएको छ। अध्ययनक्षेत्रको छनोट गर्दा ग्रामीण विशेषता, स्वास्थ्य सेवाको पहुँच, स्वास्थ्य सूचना प्रवाहको अवस्था तथा महिला स्वास्थ्य स्वयंसेविकाको सक्रिय संलग्नतालाई आधार बनाइएको छ। अध्ययनमा घरधुरीका उत्तरदाताबाट संरचित प्रश्नावलीमार्फत तथ्याङ्क सङ्कलन गरिएको छ साथै महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य संस्थाका प्रमुख तथा स्थानीय जनप्रतिनिधिहरूसँग अर्धसंरचित अन्तर्वार्ता लिइएको छ। अध्ययनक्षेत्रको सामाजिक, शैक्षिक तथा स्वास्थ्यसम्बन्धी अवस्थाबारे थप जानकारी प्राप्त गर्न स्थलगत अवलोकनसमेत गरिएको छ। यसका अतिरिक्त महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमसँग सम्बन्धित नीति, प्रतिवेदन, प्रकाशन, अनुसन्धानमूलक लेख तथा अन्य सान्दर्भिक दस्तावेजबाट द्वितीयक सामग्री सङ्कलन गरी अध्ययनलाई थप विश्वसनीय बनाइएको छ।

सङ्कलित तथ्याङ्कलाई अध्ययनको उद्देश्यअनुसार व्यवस्थित, वर्गीकरण तथा सम्पादन गरी विश्लेषण गरिएको छ। परिमाणात्मक तथ्याङ्कलाई तालिका, आवृत्ति तथा प्रतिशतका आधारमा प्रस्तुत गरी व्याख्या गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई विषयवस्तु विश्लेषण (Content Analysis) विधिबाट विश्लेषण गरिएको छ। प्रश्नावली, अन्तर्वार्ता तथा अवलोकनबाट प्राप्त सूचनाहरूलाई आपसमा तुलना तथा प्रमाणीकरण गर्दै स्वास्थ्य सूचना सम्प्रेषणमा महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका, योगदान, प्रभावकारिता तथा चुनौतीहरूको विश्लेषण गरिएको छ। अध्ययनबाट प्राप्त तथ्याङ्कलाई अनुसन्धानका उद्देश्य तथा पूर्वअध्ययनका निष्कर्षसँग तुलना गरी निष्कर्ष निकालिएको छ। अनुसन्धान प्रक्रियामा सहभागीहरूको पूर्वसहमति लिइएको, व्यक्तिगत विवरण गोप्य राखिएको तथा अनुसन्धान आचारसंहिताका मान्य सिद्धान्तहरूको पूर्ण पालना गरिएको छ।

नतिजा तथा विमर्श

कागेश्वरी मनोहरा नगरपालिकाका ९ वटा वडामा कुल ११८ महिला स्वास्थ्य स्वयंसेविका कार्यरत छन्। यो नगरपालिका ९ वडामध्ये वडा नम्बर १, २ र ३ ग्रामीण क्षेत्रमा पर्दछन्। यी वडाहरू भौगोलिक रूपमा पनि विकट छन्। वडा नम्बर १ को गागल क्षेत्र त सडक यातायातका कारण पनि विकट छ। ग्रामीण क्षेत्रमा पर्ने भएकाले वडा नम्बर १ गागलफेदी, वडा नम्बर २ आलापोट र वडा नम्बर ३ भद्रवासमा अहिले पनि स्वास्थ्य चेतनाको अभाव छ। भौगोलिक विकटताले यहाँका स्वास्थ्य संस्था टाढा छन्। नगरपालिकामा रहेका रहेका ११ वटा सरकारी स्वास्थ्य संस्थामध्ये यी ३ वडामा जम्मा ४ वटा मात्र स्वास्थ्य संस्था रहेका छन्। वडा नम्बर १ मा गागलफेदी स्वास्थ्य चौकी र गागलमा आधारभूत स्वास्थ्य केन्द्र, वडा नम्बर २ आलापोटमा आलापोट स्वास्थ्य चौकी र वडा नम्बर ३ भद्रवासमा भद्रवास स्वास्थ्य चौकी गरी ४ वटा स्वास्थ्य संस्था मात्र छन्। नगरपालिकाले सञ्चालन गरेको

नगर अस्पताल यहाँभन्दा निकै टाढा छ। अन्य वडाहरू भन्दा यहाँका वासिन्दाको शैक्षिक अवस्था पनि कमजोर छ। त्यसैले अन्य वडाहरू भन्दा यहाँ स्वास्थ्य सचेतनाको आवश्यकता बढी छ। यही स्वास्थ्य सचेतना फैलाउनमा, प्राथमिक उपचारका औषधी वितरण गर्ने काममा र नगरपालिका तथा वडाले प्रदान गर्ने सेवाका विषयमा जानकारी गराउने काममा महिला स्वास्थ्य स्वयंसेविकाहरूको महत्त्वपूर्ण योगदान गरेको छ।

कागेश्वरी मनोहरा नगरपालिकामा महिला स्वास्थ्य स्वयंसेविकाहरूले गर्भवती तथा सुत्केरी महिलाको नियमित निगरानी गर्ने, सुरक्षित मातृत्वसम्बन्धी जानकारी दिने, बालबालिकालाई खोप लगाउन प्रेरित गर्ने, परिवार नियोजनका साधन वितरण गर्ने, पोषण तथा सरसफाइसम्बन्धी चेतना फैलाउने तथा सामान्य स्वास्थ्य समस्याबारे प्राथमिक जानकारी दिने काम गर्दै आएका छन्। साथै उनीहरूले स्वास्थ्य शिविर, खोप अभियान, पोषण कार्यक्रम तथा सरुवा रोग नियन्त्रण अभियानमा पनि सक्रिय सहभागिता जनाउँदै आएका छन्।

ग्रामीण क्षेत्रमा धेरै मानिस स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीको पहुँचभन्दा टाढा हुने भएकाले महिला स्वास्थ्य स्वयंसेविकाहरू घरदैलो कार्यक्रम, आमा समूह बैठक, स्वास्थ्य शिक्षा कार्यक्रम तथा समुदायस्तरीय छलफलमार्फत स्वास्थ्य सूचना प्रवाह गर्छन्। उनीहरूले विशेष गरी सरसफाइ, पोषण, खोप, परिवार नियोजन, डेंगु,, झाडापखालाजस्ता रोगको रोकथामबारे जनचेतना फैलाउने काम गर्दै आएका छन्।

कागेश्वरी मनोहरा नगरपालिकाअन्तर्गत ११ वटा सरकारी स्वास्थ्य संस्था सञ्चालनमा रहेका छन्। नगरपालिकामा नगर अस्पतालका रूपमा मूलपानी नगर अस्पताल सञ्चालनमा छ। यो अस्पताल पहिले मूलपानी उपस्वास्थ्य चौकीका रूपमा स्थापना भई पछि प्राथमिक स्वास्थ्य केन्द्र हुँदै हाल नगरपालिका अस्पतालका रूपमा विकास गरिएको हो।

नगरपालिकाका ९ वटै वडामा स्वास्थ्य संस्था रहेका छन्। नगरपालिकामा ५ वटा स्वास्थ्य चौकी, ३ वटा सहरी स्वास्थ्य केन्द्र, एक आधारभूत स्वास्थ्य केन्द्र र एक आयर्वेद केन्द्र गरी ११ वटा स्वास्थ्य संस्था छन्। यस नगरमा स्वास्थ्यचौकी, आधारभूत स्वास्थ्य केन्द्र तथा खोप केन्द्रहरू सञ्चालनमा रहेका छन्। यी संस्थामार्फत सामान्य उपचार, खोप सेवा, मातृ तथा शिशु स्वास्थ्य सेवा, परिवार नियोजन, पोषण तथा स्वास्थ्य परामर्श सेवा उपलब्ध छन्।

कागेश्वरी मनोहरा नगरपालिकाले आफ्ना विभिन्न स्वास्थ्य अभियान सफल पार्न, स्वास्थ्य सचेतना जगाउने कार्यमा र प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने काममा महिला स्वास्थ्य स्वयंसेविकाहरूको सहयोग लिइरहेको छ। नगरपालिकाले महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई मासिक रूपमा भत्ता स्वरूप ३ हजार रुपैयाँ प्रदान गरेको छ। बेला बेलामा नगरपालिका र वडाहरूमा आयोजना गरिने स्वास्थ्यका अभियान, स्वास्थ्य सिविर र जनताको स्वास्थ्यसँग जोडिएका विषयमा संलग्न गराउँदै आइरहेको छ। नगरपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रममा स्वास्थ्य सेवाअन्तर्गत २७ नम्बरमा आधारभूत स्वास्थ्य सेवाको आधारको रूपमा रहेका महिला स्वास्थ्य स्वयंसेविकालाई सवलीकरण गर्न स्वास्थ्य आमा समूह पुनर्जागरण कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ।

तालिका १

वडागत महिला स्वास्थ्य स्वयंसेविका

कुन वडामा कति	जम्मा सङ्ख्या ११८
वडा नम्बर : १	२४ जना
वडा नम्बर : २	१८ जना
वडा नम्बर : ३	१५ जना
वडा नम्बर : ४	१२ जना
वडा नम्बर : ५	८ जना
वडा नम्बर : ६	१४ जना
वडा नम्बर : ७	१३ जना
वडा नम्बर : ८	८ जना
वडा नम्बर : ९	६ जना

स्रोत : कागेश्वरी मनोहरा नगरपालिका, स्वास्थ्य शाखा २०८२

कागेश्वरी मनोहरा नगरपालिकामा जम्मा ११८ जना महिला स्वास्थ्य स्वयंसेविका कार्यत छन् । भौगोलिक विकटता, साक्षरता दर र स्वास्थ्य संस्थाको पहूँचका आधारमा स्वयंसेविकाहरूको सङ्ख्या कुनै वडामा धेरै त कुनै वडामा कम रहेको छ। सहरीकरण भएका र स्वास्थ्य सेवाको पहुँच सहज भएका वडामा स्वयंसेविकाको सङ्ख्या कम हुनु स्वाभाविक हो। नगरपाकिलाका वडा नम्बर १, २, ३ मा अरू वडाको भन्दा स्वयंसेविकाको सङ्ख्या बढी छ। वडा नम्बर १ मा सबैभन्दा वढी २४ जना स्वयंसेविका छन् भने वडा नम्बर २ मा १८ र ३ मा १५ रहेको तथ्य कागेश्वरी मनोहरा नगरपालिकाका उपमेयर शान्ता थापाले बताइन् । यी वडामा स्वास्थ्यका विषयमा जनचेतना बिस्तार गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखेर सङ्ख्या बढी राखिएको हो। वडा नम्बर ९ मा सबै भन्दा कम ६ जना स्वयंसेविका कार्यरत छन।

तालिका २

वडागत जनसङ्ख्या र घरधुरी

वडा नं	जनसङ्ख्या	घरधुरी
१	६७७८	१५१५
२	३४६८	७५२
३	२९३२	६८३
४	७७७७	१७९६
५	९७७७	२३९३
६	१२८८१	२९४२

वडा नं	जनसङ्ख्या	घरधुरी
७	१९००८	४९०१
८	११०१६	३०२९
९	२८४९५	८१५२

स्रोत : घरधुरी जनगणना सर्वेक्षण २०७५

कागेश्वरी मनोहरा नगरपालिकाको कुल जनसङ्ख्या वि.सं. २०७८ को जनगणनाको तथ्याङ्कअनुसार १ लाख ३० हजार ४३३ रहेको छ । वडागत रूपमा जनसङ्ख्या हेर्दा सबैभन्दा बढी वडा नम्बर ९ मा २८ हजार ४९५ रहेको छ । सबैभन्दा कम जनसङ्ख्या वडा नम्बर ३ मा २ हजार ९३२ रहेको छ । वडा नम्बर १, २ र ३ मा जनसङ्ख्या र घरधुरी दुवै कम छ । तर ती वडाहरू भौगोलिक विकट छन् । साक्षरतामा पछाडि छन् । साथै स्थास्थ्य सेवाको पहुँचभन्दा पनि पछाडि छन् । नगरपालिकाले स्वास्थ्यका पूर्वाधार र पहुँचसमेतलाई ध्यानमा राखेर महिला स्वास्थ्य स्वयंसेविकाको सङ्ख्या निर्धारण गरेको हो ।

महिला स्वास्थ्य स्वयंसेविकाको शैक्षिक अवस्था

नगरपालिकामा कार्यरत ११८ महिला स्वास्थ्य स्वंयसेविकामध्ये ४२ प्रतिशतको शैक्षिक योग्यता एसईईभन्दा कम छ भने ४३ प्रतिशतले एसईई उत्तीर्ण गरेका छन् । त्यसैगरी १४ प्रतिशतले १२ कक्षा उत्तीर्ण गरेका छन् । एक प्रतिशतले भने स्नातकोत्तर पास गरेका छन् ।

तालिका ३

नगरपालिकामा रहेका सरकारी स्वास्थ्य संस्थाहरू

१	गागलफेदी स्वास्थ्य चौकी
२	आधारभूत स्वास्थ्य केन्द्र गागल १
३	आलापोट स्वास्थ्य चौकी,
४	भद्रवास स्वास्थ्य चौकी,
५	भद्रवास आयुर्वेद औषधालय,
६	सहरी स्वास्थ्य केन्द्र ४,
७	डाँछी स्वास्थ्य चौकी,
८	मूलपानी नगर अस्पताल
९	सहरी स्वास्थ्य केन्द्र ९,
१०	सहरी स्वास्थ्य केन्द्र ८
११	गोठाटार स्वास्थ्य चौकी

स्रोत : कागेश्वरी मनोहरा नगरपालिका, स्वास्थ्य शाखा

कागेश्वरी मनोहरा नगरपालिका अस्पतालमा हाल करिब १८६ जना स्वास्थ्यकर्मी कार्यरत रहेका छन् । अस्पतालमा १६ जना विशेषज्ञ चिकित्सक र १३ जना मेडिकल अफिसरसहित नर्स, ल्याब प्राविधिक, फार्मेसी कर्मचारी तथा अन्य स्वास्थ्यकर्मीहरू कार्यरत छन् । यस अस्पतालमा आन्तरिक चिकित्सा, बालरोग, स्त्री तथा प्रसूति सेवा, हाडजोर्नी, छाला, नाक-कान-घाँटी, मानसिक स्वास्थ्य, दाँत उपचार, फिजियोथेरापी, रेडियोलोजी, प्रयोगशाला, खोप सेवा तथा आकस्मिक सेवा उपलब्ध छन् ।

रेखाचित्र १



कागेश्वरी मनोहरा नगरपालिकामा ४ वटा हेल्थ पोष्ट छन् । ७ वटा स्वास्थ्य चौकी र २ वटा सहरी स्वास्थ्य क्लिनिक छन् । यी स्वास्थ्य संस्थाहरूमा चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारी गरी २०० जना कार्यरत छन् । जनसङ्ख्याको अनुपातमा स्वास्थ्यको जनशक्ति न्यून छ । यो जनशक्तिले मात्र स्वास्थ्य सेवासँगै स्वास्थ्यका सूचना र जनचेतना जागरण गर्न नसक्ने भएकाले स्वास्थ्य सूचना सम्प्रेषणमा महिला स्वास्थ्य स्वयंसेविकाको

गहन भूमिका छ। कागेश्वरी मनोहरा नगरपालिकाले मेयरसँग जेष्ठ नागरिक विशेषज्ञ सेवा सञ्चालन गरेको छ। त्यसैगरी उपमेयर प्रजनन् स्वास्थ्य कार्यक्रम पनि नियमित सञ्चालनमा छ। विद्यालय स्वास्थ्य सेवा कार्यक्रम र मनोपरामर्श कार्यक्रमलाई पनि नगरपालिकाले महत्वका साथ सञ्चालन गरिरहेको छ। यी कार्यक्रम सफल बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरूको योगदान रहेको छ। यस अध्ययनको नतिजालाई रेखाचित्रका माध्यमबाट स्पष्ट पारिएको छ। यसले कागेश्वरी मनोहरा नगरपालिकमा महिला स्वास्थ्य स्वयंसेविकाको स्वास्थ्य सूचना प्रवाह गर्नमा उनीहरूको योगदानलाई उजागर गरेको छ।

स्वास्थ्य सूचना प्राप्त गर्ने प्रमुख सूचना स्रोत

प्रस्तुत अध्ययनमा कागेश्वरी मनोहरा नगरपालिकाका वडा नं. १, २ र ३ का ३५० घरधुरीका उत्तरदाताबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ। स्वास्थ्य सूचना स्रोतसम्बन्धी नतिजाअनुसार ६० प्रतिशत उत्तरदाताले महिला स्वास्थ्य स्वयंसेविकालाई प्रमुख सूचना स्रोतका रूपमा उल्लेख गरेका छन्। २० प्रतिशतले सामाजिक सञ्जाल, १० प्रतिशतले स्वास्थ्य चौकी तथा १० प्रतिशतले वडा कार्यालयलाई सूचना स्रोतका रूपमा उल्लेख गरेका छन्।

रेखाचित्र २



स्वयंसेविकाको घरदैलो पहुँच

स्वयंसेविकाको घरदैलो पहुँचसम्बन्धी नतिजाअनुसार ५५ प्रतिशत उत्तरदाताले उनीहरू महिनामा कम्तीमा एक पटक घरदैलोमा आउने गरेको बताएका छन् । उत्तरदातामध्ये २० प्रतिशतले आवश्यकताअनुसार, १५ प्रतिशतले कहिलेकाहीँ र १० प्रतिशतले सम्पर्क नभएको बताएका छन् ।

नगरपालिका तथा वडा तहका स्वास्थ्य कार्यक्रमसम्बन्धी जानकारीको स्रोत

त्यसैगरी नगरपालिका तथा वडा तहका स्वास्थ्य कार्यक्रम (खोप, गर्भवती जाँच, परिवार नियोजन आदि) सम्बन्धी जानकारी ६५ प्रतिशत उत्तरदाताले स्वयंसेविकाबाट प्राप्त गर्ने गरेको बताएका छन् । २० प्रतिशतले डिजिटल माध्यम र १५ प्रतिशतले रेडियोमार्फत जानकारी पाउने उल्लेख गरेका छन् ।

रेखाचित्र ३



समग्र प्रभावकारिताको मूल्याङ्कन

समग्र प्रभावकारिताको मूल्याङ्कन गर्दा ७० प्रतिशत उत्तरदाताले महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका प्रभावकारी रहेको बताएका छन् । १० प्रतिशतले न्यून प्रभावकारी रहेको बताए । १० प्रतिशतले मध्यम र १० प्रतिशतले अनिश्चित धारणा व्यक्त गरेका छन् ।

रेखाचित्र ४



विमर्श

प्रस्तुत अध्ययनले महिला स्वास्थ्य स्वयंसेविकाहरू ग्रामीण तथा अर्धसहरी समुदायमा स्वास्थ्य सूचना सम्प्रेषण प्रणालीको मुख्य आधारका रूपमा कार्यरत रहेको स्पष्ट देखाएको छ। प्राप्त नतिजाबाट स्पष्ट हुन्छ कि स्वास्थ्य सूचना प्रवाहमा उनीहरूको योगदान मात्रात्मक रूपमा उच्च (६०-७०%) मात्र नभई गुणात्मक रूपमा पनि अत्यन्त महत्त्वपूर्ण छ किनकि समुदायले उनीहरूलाई अन्य सूचना स्रोतहरूभन्दा बढी विश्वसनीय मानेको छ। यो अवस्थाले तीन प्रमुख संरचनागत पक्षलाई सङ्केत गर्छ। पहिलो, समुदाय र स्वास्थ्य संस्थाबिचको औपचारिक सूचनाप्रणाली अझै सीमित र अपूर्ण रहेको कारण अनौपचारिक तर सामाजिक रूपमा विश्वासिलो माध्यमका रूपमा स्वयंसेविकाको भूमिका सुदृढ छ। दोस्रो, डिजिटल सूचना स्रोतहरू (जस्तै : सामाजिक सञ्जाल) उपलब्ध भए पनि तीप्रति विश्वास न्यून भएकाले स्थानीय मानव-आधारित सूचनाप्रणाली अझ प्रभावकारी देखिएको छ। तेस्रो, नियमित घरदैलो सम्पर्क (५५% मासिक उपस्थिति) ले व्यवहार परिवर्तन र सूचना ग्रहण क्षमतामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ।

प्रस्तुत अध्ययनले केही संरचनात्मक कमजोरी पनि देखाएको छ । स्वयंसेविकाको योगदान उच्च भए पनि उनीहरूको आर्थिक प्रोत्साहन, सामाजिक मान्यता र संस्थागत मूल्याङ्कनप्रणाली अपेक्षाकृत कमजोर देखिन्छ। यसले दीर्घकालीन रूपमा उनीहरूको प्रेरणा र कार्यक्षमतामा असर पार्न सक्ने सम्भावना देखाउँछ। साथै, सूचना प्रविधिको बढ्दो प्रयोगसँगै उनीहरूको भूमिकालाई डिजिटल स्वास्थ्य प्रणालीसँग एकीकृत गर्ने स्पष्ट नीतिको अभाव देखिन्छ। यसले भविष्यमा सूचना सम्प्रेषणको प्रभावकारिता घटाउन सक्छ। समग्र रूपमा हेर्दा, महिला स्वास्थ्य स्वयंसेविकाहरू स्वास्थ्य सेवा पहुँच विस्तार, स्वास्थ्य व्यवहार परिवर्तन र समुदाय-संस्था बिचको सूचना प्रवाहमा निर्णायक सामाजिक पूँजी (Social capital) का रूपमा स्थापित भएका छन्।

अन्तर्वार्ता

स्वास्थ्य सूचना र प्राथमिक स्वास्थ्य सेवाका संबाहक महिला स्वास्थ्य स्वयंसेविका: भद्रवास स्वास्थ्य चौकीका एक स्वास्थ्यकर्मी

महिला स्वास्थ्य स्वयंसेविका नेपालको स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमका आधार स्तम्भ नै हुन् । उनीहरूको योगदानकै कारण नेपालले बालमृत्यु र मातृमृत्यु दर घटाउन सकेको हो । अहिले देशका प्रत्येकजसो वडामा स्वास्थ्य चौकी छन्। ती स्वास्थ्य चौकीले स्थानीय बासिन्दालाई घरदैलोकै प्राथमिक उपचार सेवा प्रदान गरिरहेका छन् । ती स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवालाई सहज बनाउन ती सेवाका विषयमा सही जानकारी स्थानीय बासिन्दासम्म पुऱ्याउने काममा स्वयंसेविकाको भूमिका महत्त्वपूर्ण छ। हरेक टोलमा गठन भएका स्वास्थ्य आमा समूहमार्फत स्वयंसेविकाहरूले स्वास्थ्य सूचना सम्प्रेषण गर्छन् । हामीले दिने सेवाका विषयमा सर्वसाधारणलाई जानकारी गराएर सेवा लिन अभिप्रेरित गर्नुहुन्छ। स्वयंसेविकाहरूले स्वास्थ्य संस्था र स्थानीयवासीबिच पुलको काम गर्नुहुन्छ। हामीले कुनै अभियान सञ्चालन गर्दा होस् वा स्वास्थ्य शिविर नै आयोजना गर्दा किन नहोस् स्वयंसेविकाको सहयोगबिना सम्भव नै हुँदैन। स्थानीयवासीलाई हामीले भन्दा स्वयंसेविकाहरूले चिनेका हुन्छन्। उहाँहरूले सेवाग्राहीहरूलाई सेवा लिन स्वास्थ्य संस्थासम्म पुऱ्याउने भूमिका उहाँहरूको हुन्छ । त्यो भूमिका उहाँहरूले निर्वाह गरिरहनुभएको छ। वडामा वा टोलमा कति जनसङ्ख्यामा कस्तो स्वास्थ्य समस्या छ ? ज्येष्ठ नागरिकाको अवस्था के छ ? गर्भवती महिलाको सङ्ख्या कति छ ? लगायतका प्रश्न सोधी धेरैजसो तथ्याङ्क

हामीले स्वयंसेविकाहरूबाटै लिन्छौँ । उहाँहरूसँगै मिलेर हामी स्वास्थ्यका अभियान चलाइरहेका छौँ । राज्यले उहाँहरूको सेवाको कदर गर्नै पर्छ। कसरी हुन्छ, उहाँहरूलाई प्रोत्साहन गर्नु अहिलेको आवश्यकता हो।

निष्कर्ष

प्रस्तुत अध्ययनले के देखाएको छ भने कागेश्वरी मनोहरा नगरपालिकाका वडा नं. १, २ र ३ मा महिला स्वास्थ्य स्वयंसेविकाहरू स्वास्थ्य सूचना सम्प्रेषणको सबैभन्दा प्रभावकारी र विश्वसनीय माध्यमका रूपमा स्थापित छन्। उनीहरूले समुदायमा स्वास्थ्य सेवा र सूचना पहुँच विस्तार गर्दै स्वास्थ्य संस्था र नागरिकका बिच महत्त्वपूर्ण सेतुको भूमिका निर्वाह गरेका छन्। उनीहरूको नियमित घरदैलो उपस्थिति, उच्च विश्वासस्तर र स्वास्थ्य कार्यक्रमप्रतिको सक्रिय संलग्नता उनीहरूको प्रभावकारिताको मुख्य आधार भएको देखिएको छ। उनीहरूको योगदान अत्यन्त महत्त्वपूर्ण भए पनि आर्थिक प्रोत्साहन, संस्थागत सम्मान र डिजिटल प्रणालीसँग एकीकरणको कमीजस्ता संरचनागत चुनौतीहरू विद्यमान छन्। त्यसैले भविष्यमा नीतिनिर्माण तहले उनीहरूको भूमिकालाई औपचारिक रूपमा सुदृढ गर्दै उचित प्रोत्साहन, तालिम र प्रविधिसँग समायोजन गर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ।

सन्दर्भ सामग्रीसूची

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (२०६७). राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, परिवार कल्याण महाशाखा (२०८०). महिला स्वास्थ्य स्वयंसेविका दिग्दर्शन।

राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र (२०८१). महिला स्वास्थ्य स्वयंसेविका आधारभूत तालिम पुस्तिका।

नेपाल सरकार (२०८१-०८२-२०८२-०८३). नीति, कार्यक्रम तथा बजेट।

Kageshwari Manohara Municipality. (n.d.). *Website*. Retrieved from official municipal website.

Cadle, N. M., & Jayal, M. (2019). Female health volunteers of Nepal: Background of health care. *Community-based health program in Nepal: Future perspectives*.

Chhatri, R. M., Mishra, S., & Bhusal, B. (2017). Female community health volunteers in community-based health program in Nepal: Future perspectives.